# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रशासन निर्देशनालय

## जनसाधन विभाग

कर्मचारी कल्याण महाशाखा
दरबारमार्ग काठमाण्डौ

mail ID : kalyan@nea.org.np

पत्र संख्या: २०८०/०८१
क.क.म., च.नं.२९......

मिति: २०८०/०४/११

श्री सान्जेन ज.वि.कम्पनी
श्री उत्तरगंगा ज.वि. कम्पनी
श्री तनहुँ ज.वि. कम्पनी
श्री माथिल्लो अरुण ज.वि. कम्पनी
श्री रघुगंगा ज.वि. कम्पनी
श्री तामाकोशी V ज.वि. कम्पनी
श्री माथिल्लो तामाकोशी ज.वि. कम्पनी
श्री मोदी ज.वि. कम्पनी
श्री उत्तरगंगा पावर कम्पनी
श्री दुधकोशी ज.वि. कम्पनी
श्री टावर तथा पोल उत्पादन कम्पनी
श्री ट्रान्सफर्मर उत्पादन कम्पनी
श्री आँधिखोला पावर कम्पनी
श्री नेपाल पावर ट्रेडिङ कम्पनी
श्री त्रिशुली ज.वि. कम्पनी
श्री माथिल्लो मोदी ज.वि. कम्पनी
श्री रसुवागढी ज.वि कम्पनी
श्री पावर ट्रान्समिसन कम्पनी
श्री एनईए ईन्जिनियरिङ कम्पनी
श्री चिलिमे ज.वि.कम्पनी
श्री मध्यभोटेकोशी ज.वि.कम्पनी

### विषय : बीमा सम्बन्धमा

नेपाल विद्युत प्राधिकरण र एनआईसी एसिया बैंक बीच मिति २०७९/०४/२९ मा भएको पेरोल व्यवस्थापन सम्बन्धी सम्झौतामा कर्मचारी र कर्मचारीका परिवारका थप ३ जना (६५ वर्ष भन्दा कम) खातावाला सदस्यको लागि देहायबमोजिमको सुविधा प्रदान गर्ने व्यवस्था भएको व्यहोरा अवगतै छ । उक्त सम्झौतामा सो सुविधा प्राप्त गर्नका लागि एनआईसी एसिया बैंकको शाखामा शुन्य मौज्दातमा खाता खोली कर्मचारीको खातासंग बन्डलिङ गर्नुपर्ने प्रावधान रहेको छ । साथै एनआईसी एसिया बैंकमा खाता नखोलेका कर्मचारी र कर्मचारीका परिवारका सदस्यले सो सुविधा प्राप्त गर्न नसक्ने र उक्त बैंकबाट उपलब्ध हुने उल्लेखित सुविधाहरु प्राधिकरणबाट समेत उपलब्ध नहुने हुँदा ने.वि.प्रा का स्थायी सेवाका काजमा खटिई तहाँ कार्यालयमा कार्यरत रहेका कर्मचारीले NEA Salary खाता र निजका थप ३ जना परिवारका सदस्यहरुले यथासक्य छिटो वा बढीमा मिति २०८० श्रावण २० गतेभित्र खाता खोली कर्मचारीको खातासंग बन्डलिङ गरी उल्लेखित सुविधा प्राप्त गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

१. सामूहिक दुर्घटना बीमा :- (प्रति खातावाला सदस्य प्रतिवर्ष रु १० लाख सम्म)
२. कडारोग उपचार :- (प्रति खातावाला सदस्य रु १० लाख सम्म)
३. औषधी उपचार सुविधा :- (प्रति खातावाला सदस्य प्रतिवर्ष रु १ लाख सम्म)

गोपालप्रसाद पाठक
प्रमुख
कर्मचारी कल्याण महाशाखा

**बोधार्थ एवं कार्यार्थ :**

श्री एनआईसी एसिया बैंक,
हेड अफिस ट्रेडटावर थापाथली । — तहाँसंग भएको सम्झौता बमोजिम प्राधिकरणका कर्मचारी तथा निजका परिवारलाई प्राथमिकताका साथ खाता खोल्न र उल्लेखित सुविधाहरु सहज र सुलभ रुपमा उपलब्ध हुने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ ।